प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

# आवेदन पेश गर्ने सम्बन्धि सूचना

**(तेस्रो पटक प्रकाशित मितिः २०७६/०१/१७)**

यस मन्त्रालयबाट आ.व. २०७५।७६ मा सञ्चालन गरिने कोल्ड स्टोर/ चिस्यान केन्द्र/ कोल्ड रुम स्थापनामा बढीमा ७० प्रतिशत लागत अनुदान उपलब्ध गराउने कार्यक्रमको लागि रितपूर्वक आवेदन पेश गर्ने सम्बन्धि मिति २०७५/९/६ गते र मितिः २०७५/१०/२४ गते प्रकाशित सूचना अनुसार पर्यास आवेदन पेश नभएकाले उपरोक्त कार्यक्रमहरु मध्ये कोल्ड रुम स्थापना सहयोग कार्यक्रम सञ्चालन गर्न ईच्छुक उद्यमी, फर्म, कम्पनी, समुह तथा सहकारीले यो सूचना प्रकाशित भएको १५ दिन भित्र रितपूर्वकको निवेदन पेश गर्न यो सूचना पूनः प्रकाशित गरिएको व्यहोरा जानकरी गराईन्छ ।

आवश्यक कागजपत्रहरु

- कार्यविधीअनुसार कार्यक्रम सञ्चालन प्रस्तावना १ प्रति (प्रस्तावनामा आवेदकको साझेदारी लगानी कम्तिमा ३० प्रतिशत उल्लेख भएको हुनुपर्नेछ ।)
- कृषि फार्म वा कम्पनीको हकमा संस्थाको दर्ता :प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाण पत्र र पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु।
- कृषक समुह र कृषि सहकारी संस्थाको हकमा दर्ता प्रमाणपत्र, बार्षिक अडिट रिपोर्ट र संस्था सञ्चालक समितिको

(समाधान राष्ट्रिय दैनिकमा २०७६।०१।१७ मा प्रकाशित)

- सम्बन्धित स्थानिय तहको कार्यक्रम सञ्चालनमा उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिसपत्र
- जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा कम्तिमा २० बर्ष लिजमा लिएको खुल्ने सक्कल कागज।

पुनश्चः निवेदन र प्रस्ताव यस मन्त्रालयबाट तयार गरिएको निर्दिष्ट ढांचामा पेश गर्नुपर्नेछ ।निवेदन र कार्यक्रम माग सम्बन्धि प्रस्तावको ढांचा यस मन्त्रालयको वेभसाईट **molmac.p4.gov.np** बाट डाउनलोड गर्न सकिनेछ ।

थप जानकारीका लागि सम्पर्कः
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश र मातहतका निकायहरु
Email- molmacprovince4@gmail.com
Website – molmac.p4.gov.np,
फोन नं ०६१-४६७७०८, ०६१-४६३०८०

सचिव

(समाधान राष्ट्रिय दैनिकमा २०७६।०१।१७ मा प्रकाशित)